# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७५।१०।२९

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ सर्लाही शाखाका सदस्य एवं सामुदायिक रेडियो सर्लाहीका स्टेशन म्यानेजर सोम दियालीमाथि भएको सांघातिक आक्रमणको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ सर्लाही शाखाका अनुसार पत्रकार दियालीलाई माघ २९ गते विहान ११ बजे फोन गरेर बोलाएर हरिवन नगरपालिका ९ स्थित सुखेपोखरीमा एक समुहले सांघातिक आक्रमण गरेका थिए । आक्रमणबाट गम्भीर घाईते भएका पत्रकार दियालीको हरिवनस्थित स्वाभिमान अस्पतालमा उपचार भइरहेको छ ।

महासंघ पत्रकार दियालीमाथि भएको यो सांघातिक आक्रमणको कडा भर्त्सना गर्दै घटनामा संलग्न समुहको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन र पत्रकारको सुरक्षामा गम्भीर हुन स्थानीय प्रशासनसँग माग गर्दछ ।

**रमेश विष्ट**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org